महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

पटेर्वा सुगौली गाउँपालिका
पर्सा ।

महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, प्रदेश नं. २)
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं. २५७

मिति: २०७७/०३/३१

श्री अध्यक्षज्यू,
पटेर्वा सुगौली गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, पर्सा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

.....
(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व वाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ असार २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(मधेश प्रदेश नं. २)
Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।०७७
च.नं. २५७

मिति : २०७७।०३।३१

श्री प्रमुखज्यू,
पर्टेवा सुगौली गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, पर्सा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले पर्टेवा सुगौली गाउँपालिका ,पर्साको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. २ करोड ५३ लाख ९७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१३ लाख २५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ७० लाख ६९ हजार, नियमित गर्नुपर्ने रु. १२ लाख ९६ हजार, पेश्की बाँकी ५७ लाख ७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।१०।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २६ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाले पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

.....
(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

पर्टेवा सुगौली गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन

आर्थिक वर्ष २०७५।७६

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले यस गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य हो । यो गाउँपालिका अर्न्तगत ५ वडा, २९ गाउँ सभा सदस्य, २४.२९ व.की.मी. क्षेत्रफल, २३०३४ जनसंख्या रहेको छ । यो नगरपालिका ०२ नंम्वर प्रदेशमा अवस्थित छ ।

स्थानीय संचित कोषः– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउ कार्यपालिकाले बित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरु समेतको आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

–आय तर्फ			व्यय तर्फ		
ववरण	रकम	जम्मा रकम	ववरण	रकम	जम्मा रकम
गत बर्षको जिम्मेवारी		६७,५२५,७८३।२३	चालु खर्च		६३,४८७,३७४।३३
(क) नगद	०		पुँजीगत खर्च		१०३,३५९,९६९।००
(क) बैंक	६७,५२५,७८३।२३		वतीय व्यवस्था भुक्तानी		
राजस्व(आन्तरिक आय)		६५,५७३,५७५।७८	(क) ऋण भुक्तानी		
(क) आन्तरिक राजस्व	१८,९४४,४९९।२९		(ख) ब्याज भुक्तानी		
(ख) राजस्व वाँडफाँड	४६,६२९,०७६।४९		(ग) अन्य भुक्तानी		
(ग) अन्य आय			लगानी		
वतीय हस्तान्तरण		२४६,९६६,०००।००	(क) ऋण लगानी		
(क) वतीय समानिकरण अनुदान	८७,०००,०००।००		(ख) शेयर लगानी		
(ख) सर्शत अनुदान	१०६,१५३,०००।००		(ग) अन्य लगानी		
(ग) स्थानीय तह क्षमता वकास चालु	३०५,०००।००		सर्शत अनुदान		७८,४११,६४५।८०
(घ) संसदीय वकास कार्यक्रम चालु	१२,०००,०००।००		स्थानीय तह क्षमता वकास चालु		९७,५००।००
(ङ) सामाजिक सुरक्षा कार्यक्रम चालु	२९,५१६,०००।००		संसदीय वकास कार्यक्रम चालु		७,०८६,५८३।००
(च) बहुक्षेत्रिय पोषण कार्यक्रम चालु	१,५८२,०००।००		सामाजिक सुरक्षा कार्यक्रम चालु		२८,९१२,८००।००
(च) झोलुगेंपुल कार्यक्रम पुजीगत	८,०००,०००।००		बहुक्षेत्रिय पोषण कार्यक्रम चालु		१,४५२,८९६।००

(छ) प्रधानमंत्री रोजगार कार्यक्रम चाँलु	२,४१०,०००।००		झोलुगेंपुल कार्यक्रम पुजीगत		९३१,५४९।००
			प्रधानमंत्री रोजगार कार्यक्रम चाँलु		२,३६८,५३२।००
			प्रदेश सरकार शर्सत अनुदान चाँलु		४,०१८,०८४।००
			मू अ कर तथा अ ग्रम कर दा खला		१,४३५,३७०।००
प्रदेश सरकारबाट प्राप्त अनुदान		९,८४८,०००।००	को. ले. नि. का. फर्ता		४१,६८६,४१०।२०
(क) वतीय समानिकरण अनुदान	४,८४८,०००।००		धरोटी फर्ता		५,५९७,६५८।००
(ख) सर्शत अनुदान	५,०००,०००।००		कोष खर्च		
(ग) समपूरक अनुदान	(		मोज्दात		५८,१२१,४४९।६८
(घ) वशेष अनुदान	(		(क) नगद मोज्दात		
			(क) बैंक मोज्दात	५६,६६४, ६४५।६८	
अन्तर स्थानीय तहबाट प्राप्त			(क) बैंक मोज्दात धरोटी	१,४५६,८ ०४।००	
गत बर्षको धरैटी अल्या		८५,४०५।००			
धरोटी आय		६,९६९,०५७।००			
लगानीको साँवा फर्ता					
अन्य व वध आय					
जम्मा		३९६,९६७,८२१।०१	जम्मा		३९६,९६७,८२१।०१

बजेट उपशिर्षक : विभिन्न	कार्यालय :- श्री पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय, पर्सा ।	आर्थिक बर्ष : २०७५/०७६
दफा	**लेखापरीक्षणबाट देखिएको व्यहोरा**	**बेरुजु रकम**
१.	**आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गाउँ कार्यपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । यस गाउँ कार्यपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन ।	
२.	**वित्तीय विवरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँ कार्यपालिकाले प्रत्येक वर्ष साउन एक गते देखि आगामी वर्षको असार मसान्तसम्म्को अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । साथै कार्यपालिकाले सोही ऐनको दफा ६९ मा तोकीए अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यबस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्: ● लेखापरीक्षणका क्रममा अद्यावधिक पेश्की खाता नराखेकोले कार्यालयले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सकिएन । ● बैंक हिसाब समायोजनको विवरण प्राप्त हुन नसकेको ।	

	• जिन्सी खाता अद्यावधिक र प्रमाणित नभएको । • बैक नगदी किताब प्रमाणित नभएको । त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ ।	
३.	**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँ कार्यपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । कार्यपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ११ लाख ५६ हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु. १ करोड ८९ लाख ४४ अजार अर्थात अनुमान भन्दा १६ गुण बढी आय प्राप्त गरेको छ । ढुङ्गा ,गिट्टी, बालुवाको ठेक्का आर्थिक बर्षको अन्त्यमा लागेकोले आय प्रक्षेपण कम भएको देखियो । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने र संघिय अनुदान घटाउदै लाने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
४.	**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँ कार्यपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । कार्यपालिकाले आर्थिक वर्ष २०७५।०७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । केन्द्रीय अनुदानबाट खर्च: ३३८८४६३७१.३३ आन्तरिक आय: १८९४४५००.०० आन्तरिक आय प्रतिशत: ५.५९ प्रतिशत उपरोक्त विवरण अनुसार कार्यपालिकामा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.५९ प्रतिशत मात्र रहेको छ । त्यसैले कार्यपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गरी आत्मनिर्भर बन्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५.	**आय-व्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँ कार्यपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । साथै योजनागत रुपमा कार्यक्रम खाता राख्नु पर्दछ ।	
६.	**मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँ कार्यपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ ।	
७.	**बजेट अबण्डा** : स्थानीय तहले बार्षिक कार्यक्रम स्वीकृत गरी कार्यक्रमगत बजेट व्यवस्था गर्नुपर्नेमा गाउँपालिकाले रु. २५ लाख बराबरका कार्यक्रम बजेट भैपरी आउने पूजिगतमा अबण्डा राखेको देखियो । योजना स्वीकृत नगरी अबण्डामा बजेट राख्नु उपयुक्त देखिएन । यसले गर्दा कार्यक्रमको कार्यान्वयन सुनिश्चितता नहुने, रकमान्तर गरी अन्यत्र बजेट सार्ने अवस्था सृजना हुने देखिएकोले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ ।	
८.	**घटी जिम्मेवारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक सँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गत आ.ब.को लेखापरीक्षण प्रतिवेदनमा रु. ६६४३९४६४।०१ जिम्मेवारी सार्नुपर्ने देखाएको छ । तर कार्यपालिकाले रु. ६७५२५७८३.२३ जिम्मेवारी सारेको छ । बढी जिम्मेवारी सारेको रु. १०८६३१९.२२ साविक गाउ बिकास समितिको मौज्दात फिर्ता प्राप्त भएकोले जिम्मेवारी रकम बढी देखिएको जानकारी प्राप्त भएको छ । तर कुन कुन गाउ बिकास	

	समितिबाट कति रकम फिर्ता दाखिला भएको हो प्रमाण सहित विवरण पेश गर्नु पर्दछ ।	
९.	**आन्तरीक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउँ कार्यपालिका तथा वडा कार्यालयहरुले आन्तरीक लेखापरीक्षण नगराएको, राजश्व आम्दानी गर्दा दैनिक आम्दानी रजिस्टर नराखेको, समयमा राजश्व दाखिला नगरेको, कर्मचारीलाई कार्यबिबरण नदिएको, जोखिम पहिचान नगरेको, सोझै खरीद गरेको लगायतका कमि कमजोरीहरु देखिएको छ । कार्यपालिकाको आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्: ● कार्यपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन । ● कार्यपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन । ● कार्यपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको, ● कार्यपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न नसकिएको । ● कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको । ● कार्यपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको । ● विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको । ● सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको । ● कार्यपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो गरेको छैन । ● महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन । ● विगत वर्षको बेरुजु लगत अद्यावधिक गरेको छैन । बेरुजु फछ्रौटलाई प्राथमिकता दिएको छैन । ● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गरेको छैन । अत: तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।	
१०.	**आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आ.व.२०७५।७६ को आन्तरिक लेखापरीक्षण गराएको छैन । ऐनमा भएको व्यबस्था कार्यान्वयन गरी आन्तरीक नियन्त्रण प्रणाली र वित्तिय अनुशासन मजबुत बनाउनु पर्दछ ।	
११.	**आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था छ । यस गाउँपालिकामा आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँ कार्यपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	

१२. बरबुझारथ : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँ कार्यपालिका तथा कार्यपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको कार्यपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्ने व्यवस्था छ । यस गाउँ कार्यपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अध्यावधिक लगत तयार नगरेकोले गाउँ कार्यपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१३. सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगर कार्य पालिका वा नगर कार्य पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था छ । गाउँ कार्यपालिकाले सो बमोजिम सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

१४. तलबी प्रतिबेदन : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी रु. १ करोड २० लाख ६८ हजार तलबमा खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा तलब तथा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

१५. वडा सचिवको पदपूर्ति : नगर कार्यपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

वडा संख्या	वडा सचिवको दरवन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
५	५	२	३

उपरोक्त विवरण अनुसार नगर कार्यपालिकाका ५ वटा वडा सचिव मध्ये २ जनाको पदपूर्ति भई ३ जनाको दरबन्दी रिक्त रहेको छ । यसले गर्दा वडाको काम कारबाहीमा प्रभावित हुने तथा दैनिक प्रशासनिक कार्यमा बाधापर्ने हुनाले यस तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखियो ।

१६. चौमासिक खर्चः गाउँ कार्यपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । यस कार्यपालिकाले उपलब्ध गराएको विवरण अनुसार पुजिगत तर्फ बार्षिक रु. १० करोड ३३ लाख ६० हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु. २९ लाख १ हजार अर्थात २.८१ प्रतिशत, दोश्रो चौमासिकमा रु. २ करोड १७ लाख ९७ हजार, अर्थात २१.०९ प्रतिशत र तेश्रो चौमासिकमा रु. ७ करोड ८६ लाख ६२ हजार, अर्थात ५४.०९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५ करोड ५९ लाख ४ हजार अर्थात ५४.०९ प्रतिशत खर्च भएको छ । कार्यपालिकामा तेस्रो चौमासिक र त्यसमा पनि आषाढमा आएर खर्चको चाप बढेको देखिन्छ । यसबाट पुजिगत खर्चमा मितव्ययीता, कार्यदक्षता र प्रभावकारीता देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यान्वयन गरिनुपर्दछ ।

रकम रु. हजारमा

क्र.सं.	बजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
१.	वित्तिय समानिकरण पूँजीगत	१०३३६०	२९०१	२१७९७	७८६६२	५५९०४
	प्रतिशत	**१००.००**	**२.८१**	**२१.०९**	**७६.१०**	**५४.०९**

१७. न्यायिक समिति र न्याय सम्पादन : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँ कार्यपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । नगर कार्यपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।

दर्ता भएका विवाद	फछ्र्यौट भएका विवाद	फछ्र्यौट हुन बाँकी विवाद

६२	४७	१५	

उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१८. **प्रोत्साहन भत्ता** : स्थानिय सरकार सन्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानिय सेवाको शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघिय कानून बमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । सो विपरित निम्न कर्मचारीलाई प्रोत्साहन भत्तामा रु. **१२९६२०४.७५** बितरण गरी खर्च लेखेको छ । कानूनमा स्पष्ट उल्लेख गरे भन्दा फरक कार्यमा खर्च गर्दा स्पस्ट आधार एवं कार्यबिधि निर्माण गर्नु पर्दछ । दैनिक प्रशासनिक कार्य संचालन तथा पुजिगत खर्च व्यवस्थापनको लागि संघिय सरकारको अनुदानमा आश्रित रहेको गाउँपालिकाले यस किसिमको भत्ता बितरण गर्न मिल्दैन । वित्तिय रुपमा आत्मनिर्भर भए पश्चात मात्र यस किसिमको खर्च गर्नु पर्दछ । रु. **१२९६२०४.७५**

सि.नं.	पद	नाम	रकम
	भौ.नं. ३०३।२०७५।१२।१७		
१	प्रमुख प्रशासकिय अधिकृत	सरोज कुमार चौधरी	१७०८०३.५०
२	शा.अ.	शम्भु प्रसाद साह	१७६१४२.७५
३	ई.	प्रदिप चौरसिया	१६०१२५.००
४	स.ई	नगिना प्रसाद साह	१४३९२८.७५
५	लेखापाल	विरेन्द्र साह	१४३९२८.७५
६	ना.सु.	राज कुमार प्रसाद महतो	१२३३७५.००
७	स.ले.पा.	काशी चौधरी	११६३९२.५०
८	स.ई	कृष्ण कन्हैया प्रसाद वर्णवाल	७९३१२.५०
	भौचर नम्बर ४६४।२०७६।३।११		
९	प्रमुख प्रशासकिय अधिकृत	सरोज कुमार चौधरी	९७६०२.००
१०	लेखापाल	विरेन्द्र साह	८४५९४.००
		जम्मा	**१२९६२०४.७५**

कार्यक्रमगत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा

१९. **लक्ष्य प्रगति :** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजना समेत २०१ योजनाको नियम बमोजिमको उल्लिखित ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । स्विकृत कार्यक्रम मध्ये वडा नम्बर १ को बर्थिङ सेन्टर निर्माण, वडा नम्बर २ को बाल उद्यान पार्क, वडा नम्बर ३ को धारा जडान र नाला निर्माण लगायतको कार्य सम्पन्न भएको छैन । स्विकृत कार्यक्रम बमोजिम रकम निर्माण कार्य नगर्ने पदाधिकारी तथा कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

२०. **योजना सूचीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने ब्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने ब्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त ब्यवस्थाको पालना गरिनु पर्दछ ।

२१. **सभाको निर्णय** : मिति २०७५।६।२२ मा सम्पन्न गाउँ कार्यपालिकाबाट पारित विभिन्न क्षेत्रगत २०१ वटा कार्यक्रम कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ ।

२२. **गाउँ प्रोफाइल :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँ कार्यपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । नगर कार्य पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत

	नक्साङ्कन वा गाउँ प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ कार्यपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
२३.	**वीमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा वढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको विमा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले रु. ८ करोड १० लाख पुर्बाधार बिकासमा खर्च गरेकोमा बिमा गरेको छैन ।	
	राजश्व तथा आन्तरिक आयको लेखापरीक्षणबाट देखिएका व्यहोरा	
२४.	**राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस गाउँ कार्यपालिकाले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । राजश्व आम्दानीको सबै वडा कार्यालयहरुले दैनिक अभिलेख खाता नराखेको, बैंक दाखिला अभिलेख खाता नराखेको, समयमा बैंक दाखिला नभएको आदि कारणवाट कार्यपालिकाको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । कार्यालयले दैनिक आम्दानी खाता, आम्दानी बैक दाखिला खाता नराखेको, ढिला दाखिला गरेको आदि कारणहरुले मालपोत तथा अन्य सिफारीशबापतको राजश्व वडा अध्यक्ष तथा वडा सचिबबाट जे जति दाखिला भयो त्यसलाईनै आधार लिई हिसाब यकिन नगरी कार्यपालिकाले आम्दानी जनाएको रु. १ करोड ८९ लाख ४४ हजार यथार्थपरक देखिएन । आन्तरीक नियन्त्रण प्रणालीलाई मजबुत बनाई बास्तबिक राजश्व रकम यकिन गर्नु पर्दछ ।	
२५.	**रसिद नियन्त्रण खाता :** कार्यालयले राजस्व असूली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले नगदी रसिद छपाई, गत वर्षको मौज्दात र खर्च तथा जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । अतः कार्यपालिकाले छानविन गरी यथार्थ आम्दानी यकिन गर्नु पर्दछ ।	
२६.	**मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा गाउँ कार्यपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस कार्यपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।	
२७.	**व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँ कार्यपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । यस गाउँ कार्यपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । कार्यपालिका क्षेत्रभित्रका व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ ।	
२८.	**राजश्व दाखिला** : प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अर्न्तगत ५ वटा वडा र गाउँ कार्यपालिकामा प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरण पेश गरेको छैन । लेखापरीक्षणको क्रममा पेश भए सम्मका नगदी रसिद तथा बैंक दाखिला भउचर अनुसार निम्नानुसारको आम्दानी रकम दाखिला भएको नदेखिएकोले २५ प्रतिशत जरीवाना सहित प्रचलित कानुन बमोजिम कारबाहि गरी असूल गर्नु पर्दछ । रु....	१४१३२१.००

वडा नं.	वडा सचिवको नाम	पेश भएको आम्दानी रसिद नं.	आम्दानी रकम	भौचर पेश गरेको दाखिला रकम	घटी दाखिला	२५ प्रतिशत जरीवाना रकम
२	उमेश प्रसाद राउत	११२-१५०, २५१-२००, १०५०-११५०, ४५१-६००, ८०१-८५०, १४५१-१५००, १६५१-१७००	१६८६००.००	७६५४६.००	९२०५४.००	२३०१३.००
३	उमेश प्रसाद राउत	१०१-१५०, २५१-२००, ११०१-११५०,	३६००३.००	१५०००.००	२१००३.००	५२५१.००
		जम्मा	**२०४६०३.००**	**९१५४६.००**	**११३०५७.००**	**२८२६४.००**

खरिद व्यबस्थापनको लेखापरीक्षणबाट देखिएका व्यहोरा

२९. **बार्षिक खरिद योजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँ कार्यपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना नबनाई चालु खर्च तर्फ कार्यालय सामग्री रु. २५९८७९७.०० तथा उत्पादन सामग्री र सेवामा रु. ३४८१११८.०० बोलपत्र समेत नगरी पटक पटक सोझै खरीद गरेको देखियो । अतः कार्यपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई मितव्ययी र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३०. **सवारी साधन खरिद** : स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष निम्नानुसार सवारी साधन खरीद गरी रु. **१५४१२५५०.००** खर्च गरेको छ । वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा यति ठुलो धनराशि खर्च गरेको नियमसम्मत देखिएन ।

सि.नं.	भौचर नम्बर, मिति	सवारी साधनको नाम	खरीद संख्या	रकम
१	३-२०७५/६/१८	मोटर साईकल	१	२०१९००.००
२	१४-२०७५/८/१२	ई.सु.जु. जिप	१	७२९५०००.००
३	१७-२०७५/९/२४	जे.सि.बि.	१	४१९००००.००
४	१८-२०७५/९/२४	मोटर साईकल	६	१६४९४००.००
५	१९-२०७५/९/२४	ट्रेक्टर	१	१५७६३५०.००
६	२२-२०७५/१०/४	मोटर साईकल	२	४९९९००.००
		जम्मा		**१५४१२५५०.००**

३१. **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३२. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कार्यले कानूनी व्यवस्थाको पालना भएको पाईएन ।

३३.	**उपभोक्ता समिति छनौट :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ ।	
३४.	**खर्च अनुमोदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	
३५.	**योजना हस्तान्तरण**: निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने पद्धतीको कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत सुम्पिई हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।	
३६.	**सार्वजनिक तथा सामाजिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँ कार्यपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई गरे तापनि सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ ।	
३७.	**गुणस्तर परीक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट निर्माण भएका संरचनाहरु खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप ग्याविवन सिमेन्ट पाईप लगायतको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।	
३८.	**योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । गाउँ सभाबाट स्वीकृत २०७५/७६ को २०१ योजनाहरु अध्ययन गर्दा अधिकांस योजनाहरु ५ लाखभन्दा कमको रहेको देखियो । न्यून बजेट भएका योजनाहरुको मितव्ययीता, कार्यदक्षता र प्रभावकारीता तिनै बिषयमा लाभदायक देखिदैन । योजनाहरुको प्राथमिकिकरण गरी महत्वपूर्ण योजनामा मात्र खर्च गर्नु पर्दछ ।	

३९.	**सिधै खरिदः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सिमिति हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने व्यहोरा उल्लेख छ । कार्यलयले पुजिगत खर्च तर्फका सडक निर्माण, नाला निर्माण तथा माटोपुरी ग्रभेल लगायतका निम्न ६४ योजनाहरु टुक्रा कार्यकम तथा प्याकेज स्विकृत गरी बिना प्रतिस्पर्धा लागत अनुमानकै हाराहारीमा रु. २५०२९९८९.२० मा सम्झौता गरी सोहि बमोजिम भुक्तानी गरेको छ । तसर्थ ऐन बिपरीत बिना प्रतिस्पर्धा भएको खरीद कार्य मितव्ययी र नियमित देखिएन । ससाना योजना तथा कार्यकमहरुमा वजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण गरी अधिकतम प्रतिस्पर्धाको आधारमा खरीद व्यवस्थापन गर्नु पर्दछ **सोझै खरीद सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन :**	
३९.१	सोझै खरीद गरेका केहि प्याकेजहरुको फाईल अध्ययन तथा स्थलगत अवलोकन गर्दा निम्न तालिकाको सि.न. ५२ देखि ५४ सम्मको ने.रा. मा.बि. नेचुटाको एउटै कम्पाण्ड भित्रको शौचालय निर्माण, झ्याल निर्माण र गेट निर्माणको कुल रु. १० लाख ९७ हजारको कामलाई ३ प्याकेज बनाई कोटेसनबाट काम गरेको छ ।	
३९.२	उक्त तालिकाको सि. नं. ५५ देखि ६४..सम्मको रुं ३८ लाख ४२ हजार लागतको नाला निर्माण कार्य बोलपत्र नगरी बिना प्रतिस्पर्धा १० प्याकेज बनाई सोझै खरीद गरेकोछ । यसरी खरीद गर्दा तालिकाको सि.नं. ६२, ६३, ६४ को नाला निर्माण कार्य एउटै बाटोको् दायाँ बायाँ रहेको र बोलपत्र छल्न अशोक दहितको घर सम्म दाँया र अशोक दहितको घर देखि बाँया समिति गठन गरी तथा सोहि बाटो र स्थानमा देउकुमारको घर देखि नाला निर्माणको कार्य भनि अलग अलग प्याकेज बनाएको छ । कार्यपालिकाले रु. ९९९४६०.५० लागत अनुमान भएको नाला निर्माण कार्य रंगपुरको बोलपत्रद्धारा ठेक्का व्यवस्थापन गर्दा ४६.३ प्रतिशत अर्थात रु. ५२०६०९.०० मा सम्झौता भएको छ । तसर्थ सोझै खरीद भएको नाला निर्माण कार्यमा बोलपत्रको तुलनामा रु. ३८ लाख ४२ हजारको ४६.३ प्रतिशतले रु. १७ लाख ७८ हजार ८४६ बढी व्ययभार पर्न गएको देखियो ।	

सि.नं.	कामको विवरण	निमार्ण व्यवसागी	सोझै खरीद रकम
१	करबोला टारी देखि रामजानकी मन्दिर माटोपुरी ग्रेभल	श्री अर्जुन निमार्ण सेवा, औराहा -७, जगरनाथपुर, पर्सा	२८९१५७८३
२	कम्पाउण्ड वाल निमार्ण	श्री जि.डि. कन्सट्रक्सन, औराहा ७, पर्सा	४८३०१३।३१
३	नदि नियन्त्रण	श्री केशव कन्सट्रक्सन, औराहा ७, पर्सा	४८१२६९।४०
४	बाल उधान पार्क निमार्ण	श्री कुशल कन्सट्रक्सन, वीरगंज १७, पर्सा	४८४६६८।३७
५	पासपत दासको घर देखि उत्तर सडक ढलान	श्री वविता निमार्ण सेवा, महुवन ५, पर्सा	४८३०८५।७८
६	विश्रामटोल गाउँ भित्र सडक ढलान	श्री जोनिशा निमार्ण सेवा, जगरनाथपुर ६, पर्सा	४८३२८६।०५
७	हियुम पाईप जडान गरि माटो पुरी ग्रेभल	श्री पकि निमार्ण सेवा, औराहा ८, पर्सा	४८३३३७।५०
८	शम्भु महतोको घर देखि देकुली जाने खोलाको छेक सम्म ग्रेभल	श्री अभिराज निमार्ण सेवा, औराहा ७, पर्सा	४८३०८०।८२
९	नबि मियाको घर देखि रामराजको घर सम्म बाटोमा ढलान	श्री पुर्णिमा एण्ड रोहन निर्माण सेवा	४८०५०४।९२
१०	रुस्तमको घर देखि गदीयानी मठ सम्म बाटोमा ढलान	श्री राज कन्सट्रक्सन	४८०८९९।२९
११	निमिया टारी कजबे देखि दक्षिण साईटमा तटबन्ध	श्री बन देवी निर्माण सेवा	४८३०३५।४५
१२	वैरिया परिक्षण शाहको घर देखि रामाधारी मुखियाको घर सम्म बाटोमा पक्की ढलान	श्री सोनी कन्सट्रक्सन पोखरिया ३, पर्सा	४८३२८३।७०
१३	नदी नियन्त्रण सूखौडा खोला नजिक बद्री फयुयालको घर सम्म	श्री एस.एन निमार्ण सेवा, धोविनी	४८३८९४।२५
१४	गादिमाई छठीया घाट देखि हारुल मियाँको घर सम्म सडक ढलान	श्री जय मा फुलरानी कन्सट्रक्सन पोखरिया १, पर्सा	४८०७४८।२५
१५	सोनबर्षा रामपुर जाने चौंक देखि मुना तिवारीको घरसम्म सडक ढलान	श्री रुपा निर्माण सेवा, धोबिनी गा.पा.२ भिखमपुर, पर्सा	४८१९३३।२५
१६	रामपुर गाउको केदार चौधरीको घर देखि महन्थ महतोको घरसम्म सडक ढलान	श्री साजन कन्सट्रक्सन, औराहा ७, पर्सा	४८३५९५।३५
१७	सडक ढलान रामपुर गाउँको	राज कन्सट्रक्सन, जगरनाथपुर ६, पर्सा	४८४०६५।३२
१८	धरमपुरको प्रमुख सडक ढलान	श्री आरोही निमार्ण सेवा, हरिहरपुर, पर्सा	४८००६८।२२
१९	खाने पानी धारा खरिद तथा वितरण	श्री सुमित सप्लायर, निचुटा १, पर्सा	१९२५९९।५७
२०	पश्चिम देकुली सामुदायिक भवन	श्री अनुष्का कन्सट्रक्सन, सखुवा प्रसौनी	४८२९१२।४९
२१	सोनवर्षा काब्रिस्थान कम्पाउण्ड वाल निमार्ण	श्री रितेश कन्सट्रक्सन, निचुटा, पर्सा	४८१७६६।०३
२२	पश्चिम देकुली छठि घाट कम्पाउण्ड वाल निमाण	श्री सम्झना कन्सट्रक्सन, मिर्जापुर ३, पर्सा	२८९४३४।१२
२३	अधुरो वडा कार्यालय भवन निमार्ण	श्री रोहन निमार्ण सेवा, धोविनी	४८४२३१।०६
२४	सोनवर्षा थारु टोलमा सडक ढलान	श्री गौरव विल्डर्स, कालिकामाई, पर्सा	४८२४२४।०९
२५	मन्दिर निमार्ण तथा सुधार	श्री आर्चना कन्सट्रक्सन, बिरगज १६, पर्सा	३८५३९३।८२
२६	सडक ग्राभेल	श्री सागर निमार्ण सेवा, पिडारी गुठी, पर्सा	१९२३२२।७९
२७	पथरैया देखि करबोला जाने पक्कि पुल पुर्व पटि ढलान	श्री विपिन निमार्ण सेवा, औराहा ६, पर्सा	२४०७७५।८६
२८	ब्रहम बाबाको चौतारा निमार्ण	श्री स्रुती कन्सट्रक्सन, वीरगंज १३, पर्सा	१९२९८८।३६
२९	माटो पुरी ग्राभेल	श्री खुशबु कन्सट्रक्सन,	१९२९५२।११
३०	हरजोता देखि ब्रहम स्थान सडक ग्रेभल	श्री संजय कन्सट्रक्सन, वीरगंज	१९१९८३।१३
३१	पटर्वा स्कुलको झयाल ढोका तथा वाल निमार्ण	श्री प्रकाश निमार्ण सेवा	४८२११६।४०
३२	करबोला चौकमा कल्भर्ट निमार्ण	श्री साजन निमार्ण सेवा, औराहा ८, पर्सा	३८५६०९।५२
३३	उत्तर सुगौली विधालयको भवन मर्मत र कमपाउण्ड निमार्ण	श्री इमरान कन्सट्रक्सन, जिराभवानी गा.पा. २, पर्सा	३३७१२०।६७

३४	कृषि सेड निमार्ण	श्री जय कन्सट्रक्सन, शंकर सरैया, पर्सा	३८६३६५।६२
३५	सडक ढलान तपेश्वर ठाकुरको घर देखि पुर्व	श्री आ.पि.निमार्ण सेवा, बहुवरी, बारा	३८६२१७३९
३६	सडकमा माटो पुरी ग्रेभल नागेश्वर राउतको घर देखि पुर्व	श्री एकता कन्सट्रक्सन, वीरगंज १३, पर्सा	२८९३८५।४१
३७	पकडीको रुख देखि सुदन महराको घर सम्म सडक ढलान	श्री प्रतिमा कन्सट्रक्सन, वीरगंज १७, पर्सा	३८३४९३।४८
३८	जगरनाथ ओझैयाको घर देखि सडक ढलान देउरिया	श्री ईशान कन्सट्रक्सन, धोविनी, पर्सा	३८३८५२।१५
३९	सडक ढलान मनिहर्वा	श्री उत्तम निमार्ण सेवा, वीरगंज, पर्सा	२८९६२६।५७
४०	मनिहर्वा शिव मन्दिर देखि सडक ढलान	श्री विशाल एण्ड सागर निमार्ण सेवा, निचुटा, पर्सा	४८२८६३।९२
४१	जादोलालको घर देखि सडक ग्रेभल	श्री विजय कन्सट्रक्सन, पोखरिया ५, पर्सा	४८३४७६।८३
४२	मोर टोलमा माटो पुरी ग्रेभल	श्री अन्जु कन्सट्रक्सन, पोखरिया, पर्सा	३८६४३१।४८
४३	कल्भर्ट तथा सडम ढलान अनवर देवानको घर नजिक निचुटा	श्री रामबृज निमार्ण सेवा, मसिहानी, पर्सा	४३३८३९।९०
४४	देउरिया कल्भर्ट निमार्ण	श्री अन्शु निमार्ण सेवा, पटेर्वा सुगौली	२८८९६८।०४
४५	कृषि तालिम भवन निमार्ण	श्री कृष्णा निमार्ण सेवा, भेडिहारी ३, पर्सा	३८४६५३।१५
४६	राम नारायण चौधरीको घर देखि सडक ढलान	श्री एम.वि. निमार्ण सेवा, धोवीनी २, पर्सा	२९००४५।८४
४७	ने.रा.मा.वि. मनिहर्वा कम्पाउण्ड वाल निमार्ण	श्री पि.पि. कन्सट्रक्सन, विन्दवासनी, पर्सा	३३६८०४।६
४८	सडक ढलान ठग ओझैयाको घर देखि	श्री न्यू उज्जवल निमार्ण सेवा, प्रसौनी विर्ता, पर्सा	४८२३१३।८७
४९	सडक र कल्भर्ट निमार्ण राजेश देवानको घर देखि पुर्व जाने बाटो	श्री सचिना कन्सट्रक्सन, वीरगंज १४, पर्सा	३८६२०५।६८
५०	बाबुलालको घर देखि सडक ढलान	श्री गोलु कन्सट्रक्सन, हरिहरपुर, पर्सा	२८८४५०।३८
५१	पर्खाल निमार्ण लालबाबु चौधरीको पोखरीमा	श्री म्रित्युन्जय निमार्ण सेवा, वीरगंज १६, पर्सा	३८६३११।१
५२	निचुटा स्कुल गेट निमार्ण	श्री प्रमुख कन्सट्रक्सन, औराहा १, पर्सा	२८७२५६।२१
५३	श्री ने.रा.मा.वि. निचुटा शौचालय निमार्ण	श्री दिपु कन्सट्रक्सन, वीरगंज २४, पर्सा	४८२१६६।१५
५४	निचुटा स्कुल झ्याल निमार्ण	श्री निरज निमार्ण सेवा, वीरगंज २४, पर्सा	२८९६६३।९९
५५	कन्चनपुरको अधुरो नाला निमार्ण	श्री निपु निमार्ण सेवा, पोखरिया ३, पर्सा	३८७१९२।२५
५६	अधुरो नाला निमार्ण	श्री राशिका निमार्ण सेवा, विरगंज १६, पर्सा	४८२८४९।९०
५७	नाला निमार्ण	श्री माँ बैष्णो कन्सट्रक्सन , जगरनाथपुर ६, पर्सा	२४१०५८।२८
५८	धरमपुरको अधुरो नाला निमार्ण	श्री डि.के. विल्डर्स, पकहा मैनपुर	४८१५६५।५
५९	अधुरो नाला निमार्ण	श्री नन्दन निमार्ण सेवा, पोखरिया	१९३५२९।६३
६०	अधुरो नाला निमार्ण	श्री सोनाली निमार्ण सेवा, पोखरिया	१९३४२०।३४
६१	साना किसान बैंक देखी उत्तर नाला	श्री स्नाईफा कन्सट्रक्सन, निचुटा, पर्सा	४८२४९४।७१
६२	मोहन चौधरीको घर देखि अशोक दहितको घर सम्म नाला निमार्ण देउरिया	श्री स्नेहा कन्सट्रक्सन औराहा ४, पर्सा	४८०६४१।४३
६३	देव कुमारको घर देखि नाला निमार्ण देउरिया	श्री नितु कन्सट्रक्सन, भिखमपुर, पर्सा	२८९४७१।४५
६४	अशोक दहितको घर देखि नाला निमार्ण	श्री सलोनी कन्सट्रक्सन, मुडली, पर्सा	४८१८१६।८७
		जम्मा	**२५०२९९८९.२०**

अशोक दहितको घर देखि र घर सम्मका दाँया बायाँको २ कोटेसन कार्य

४०. **मु.अ.कर ५० प्रतिशत कट्टा नगरेको :** मु.अ कर ऐन २०५२ को दफा ६ (ग) बमोजिम २०७६।२।१६ देखि आपूर्ति हुने वस्तु र सेवा वापतको रकम भुक्तानी गर्दा भुक्तानी गर्ने मु.अ.कर रकमको ५०(पचास) प्रतिशतले हुन आउने रकम सम्बन्धित विक्रेताको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहेको कर रकम मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । सो बमोजिम कार्यालयले कट्टी गरी राजश्वमा दाखिला गरेको देखिएन । तसर्थ उक्त रकम दाखिला भएको प्रमाण सहित कर दाखिला हिसाब पेश गर्नु पर्दछ । रु... **९९५२४७.००**

सि.नं.	भौचर नं	मिति	पार्टीको नाम	भ्याट बाहेकको रकम	६.५ प्रतिशत रकम
१	२५१	०७६/०३/३०	सुमित सप्लायर्स(६०४८६६४४४)	१७०४४२	११०७९
२	२४९	०७६/०३/३०	विशाल एण्ड सप्लायर्स(३०४७५४९३५)	४२५०७१	२७६३०
३	२४८	०७६/०३/३०	प्रकाश निर्माण सेवा(३००१०७२४१)	२७०३०५	१७५७०
४	२४७	०७६/०३/३०	सोनाली निर्माण सेवा(६०९२५४१४३)	१६६३०७	१०८१०
५	२४६	०७६/०३/३०	अर्चना कन्स्ट्रक्सन(६०००१४६५६)	२५१०६९	१६३२०
६	२४५	०७६/०३/३०	एन.एन निर्माण सेवा(६०८८०६७५६)	४२८१०५	२७८२७
७	१८१	०७६/०३/२५	कुलापन इनर्जी(३०२०५२७८१)	७३३३८२	४७६७०
८	१८०	०७६/०३/२५	नारापानी पावर(३०३६१६२६१)	२७६४६०	१७९७०
९	१८६	०७६/०३/२५	सोनी कन्स्ट्रक्सन(३०२७९६४५८)	४२७०७५	२७७६०
१०	१९१	०७६/०३/२५	एस.ए निर्माण सेवा(३०२१२७९६९)	२९९०९३	१९४४१
११	२४४	०७६/०३/३०	प्रमुख कन्स्ट्रक्सन(६०६३५४९४१)	१७३४५५	११२७५
१२	२४३	०७६/०३/३०	जया कन्स्ट्रक्सन	२८३२३०	१८४१०
१३	२४१	०७६/०३/३०	करिश्मा कन्स्ट्रक्सन (६०५०७५९६४)	२४५१७६	१५९३६
१४	२४०	०७६/०३/३०	अजय कन्स्ट्रक्सन(३०३४६१३५५)	३७६८२८	२४४९४
१५	२३९	०७६/०३/३०	सुरुती कन्स्ट्रक्सन(६०९०३५३९६)	१३१३१९	८५३५
१६	२३७	०७६/०३/३०	अनुस्का कन्स्ट्रक्सन(६०८०९८७५६)	१५०७३४	९७९८
१७	२३५	०७६/०३/३०	सम्झना कन्स्ट्रक्सन(६०४७९८१६३)	२१९२७५	१४२५३
१८	२३३	०७६/०३/३०	आरभ कन्स्ट्रक्सन(६०९२३९२३२)	२५४८३३	१६५६४
१९	२३१	०७६/०३/३०	सचिन कन्स्ट्रक्सन(६०७०६१७०१)	३२५८९७	२११८३
२०	२२६		गोलु कन्स्ट्रक्सन(६०५१२३५६४)	३६६०००	२३७९०

२१	२५३	०७६/०३/३०	न्यु सुरज मेशिनरी (६०२७२९५२९)	३७४७२१	२४३५७
२२	२५६	०७६/०३/३०	न्यु सुरज मेशिनरी (६०२७२९५२९)	१७०९८९०	१११११४३
२३	२५८	०७६/०३/३०	कुशल कन्स्ट्रक्सन(३०१७९६३७८)	१७०४५९	११०८०
२४	२५९	०७६/०३/३०	बहुदरमाईकन्स्ट्रक्सन(६०६८६३५१५)	३२२६२६	२०९७०
२५	२६०	०७६/०३/३०	अनुज निर्माण सेवा (६०७५४९१७७)	१९०५७०	१२३८७
२६	२६३	०७६/०३/३१	सक्क्षम डायग्नोष्टिक प्रालि(३००१६०७४३	१७६५०४५	११४७२८
२७	१९५	०७६/०३/२५	रामबृक्ष निर्माण सेवा(३०३००३५०२	३८१५७५	२४८०२
२८	१९७	०७६/०३/२५	खुस्बु कन्स्ट्रक्सन(६०८८३२३५५	१७०३६७	११०७३
२९	२००	०७६/०३/२५	एकता कन्स्ट्रक्सन(३०३४५९६८४	२५३५७१	१६४८२
३०	२०१	०७६/०३/२५	गोर्खा विल्डर्स(६०८८०६७०५	४२५७२६	२७६७२
३१	२०३	०७६/०३/२५	अन्सु निर्माण सेवा(६१०५३७८९७	२३९७२९	१५५८३
३२	२१६	०७६/०३/२५	विपिन निर्माण सेवा(३०२४२२९७७	२०३६५४	१३२३७
३३	२१९	०७६/०३/३०	अविनाश कन्स्ट्रक्सन(३०५७४२११९	४२५२४७	२७६४१
३४	२२१	०७६/०३/३०	मन्जु कन्स्ट्रक्सन(६०८८१११८९	३१०२६०	२०१६७
३५	३	२०७६/३/१३ निर्वाचन क्षेत्र तर्फ	नयाँ किरण ईनर्जी सोलुसन (६०४२७५५३६)	२३९४०००	१५५६१०
			जम्मा	**१५३११४९२.३१**	**९९५२४७.००**

चालु खर्च तर्फ

४१. **भ्रमण तथा अनुगमनः** कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ । भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीलेभ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलब्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ । यसवर्ष कार्यालयले उपलब्ध गराएको विवरण अनुसार अनुगमन मुल्यांकन र भ्रमण खर्चमा रु. १८ लाख ५० हजार खर्च भएको छ । भ्रमण खर्च सम्वन्धी केही फाँटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलब्धी मापन गर्न सकिने आधार देखिएन । भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको दुरुपयोग हुने जोखिम देखियो । यस्तो खर्चगर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ । अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छनः

- अधिकांश भ्रमणको उद्देश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ । तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण बिलमा संलग्न गरेको छैन ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको खर्च भुक्तानी गर्ने गरेको छ ।
- कतिपय भ्रमणहरु नगर कार्यपालिकासँग असम्बन्धित स्थानमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको छ ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष तथा सचिव सहित, प्रमुख प्रशासकिय अधिकृत र अध्यक्ष सम्मका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी लिने गरेको छ ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

४२.	**कार्यालय सहयोगी छनौटः** स्थानिय तहमा काम गर्ने कार्यालय सहयोगी छनौट गर्दा स्थानिय रोजगारी र सेवा प्रवाहको दृष्टिले स्थानिय व्यक्तिलाई प्राथमिकता दिनु पर्दछ । कार्यपालिकाले १ कार्यालय सहयोगीको बिज्ञापन माग गरेकोमा ५ जनाको दर्खास्त परेको देखियो । दर्खास्त परेको मध्ये ४ जना यहि गाउपालिकाको स्थायी बासिन्दा रहेको र बाँकी १ जना बिष्णु गाउँपालिका सर्लाहिका रामनरेश चौधरीको दरखास्त परेको देखियो । छनौटमा लोकसेवा आयोगको प्रतिनिधित्व नरहेको र प्रमुख प्रशासकिय अधिकृतले अन्य स्थानिय तहका केहि पदाधिकारीलाई आमन्त्रण गरी स्थानिय आवेदकलाई अनुत्रिण गरी बेजिल्लाको आवेदकलाई उच्च अंक प्रदान गरी नियूक्ती दिएको देखियो । तसर्थ छनौटको निश्पक्षता र बैधताको बिषयमा छानविन हुनु पर्दछ ।	
४३.	**पदाधिकारी पोशाकः** भौं. नं. ४०७।२०७६।२।२३ बाट २८ जना जन प्रतिनिधिहरुलाई प्रति व्यक्ति रु. ७५००।०० का दरले पोशाक भत्ता वापत रु. २१००००।०० भुक्तानी गरेको छ । गाउँ पालिकाले पदाधिकारीहरुको लागि राष्ट्रिय पोशाक, स्थानिय मौलिकता झल्किने पोशाक वा अन्य निश्चित बर्गिकरण र रङको पोशाक लगाउने निर्णय गरेको प्रमाण पेश भएन । तसर्थ निश्चित पोशाक नतोकिएको अवस्थामा विबतरण भएको पोशाक खर्च असूल गर्नु पर्दछ । रु....	**२१००००.००**
४४.	**अग्रिम करः** भौ.नं. ५८३।२०७६।३।३१ बाट अबदुल कादिर अंसारीको पेश्कि फछ्र्यौट तथा भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८९(१) बमोजिम १.५ प्रतिशत कर कट्टी गर्नु पर्नेमा गरेको देखिएन । छुट कर रकम निजबाट असूल गर्नु पर्दछ । रु...	**८५९८.००**

सि.नं.	आपूर्तक	भुक्तानी रकम	१.५ प्रतिशत कर रकम
१	विवेक भाडा पसल	२८२३२१.००	४२३५.००
२	रोशनी फर्निचर	२९०८६२.००	४३६३.००
	जम्मा	**५७३१८३.००**	**८५९८.००**

४५.	**वडा कार्यालयबाट भएको खर्च :** भौ.नं ५००, ५०१, २०७६।३।२५ गाउँ कार्यपालिकाले ४ नं वडा कार्यालयलाई जम्मा झुल, छाता, पंखा, ग्यास चुलो आदि खरीद तथा बितरण गर्न रु. ४ लाख ७० हजार भुक्तानी दिएको छ । वडा कार्यालयबाट जिन्सी सामान खरिद गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।	
४६.	पदा धकारी परी श्रमक : प्रदेश नम्बर २ का स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा बनेको ऐन २०७५ को विभिन्न दफाहरुमा शीर्षक वा प्रयोजन खुलेका बैठक भत्ता, यातायात सुविधा, पत्रपत्रिका र संचार सुविधा, दैनिक भ्रमण भत्ता, यात्रा बिमा जस्ता विभिन्न सुविधा/भत्ताहरु दिने गरी सुविधातर्फ छुट्टै कानूनी व्यवस्था गरेको पाइन्छ। नेपालको संविधानको धारा २२०(८) र २२७ मा सुविधा भन्ने मात्र शव्द प्रयोग गरी पारिश्रमिक भन्ने शव्दावली नै नराखिएबाट संविधान निर्माणकर्ताले स्थानीय जनप्रतिनिधी वा स्थानीय तहका पदाधिकारी तथा सदस्यलाई पारिश्रमिक प्रदान नगर्ने मनसाय राखेको स्पष्ट हुन्छ। ऐनको दफा ३ र सो अन्तर्गतको अनुसुची १ मा मासिक सुविधा भनी रकम भुक्तानी गर्ने कानूनी व्यवस्था गर्दा सुविधाको निश्चित शीर्षक वा प्रयोजन नखुलेको र तलव प्रकृतिको भुक्तानीलाई सुविधाकै अर्थमा बुझ्न सकिने कुनै आधार देखिएन। तसर्थ मासिक सुविधाको रुपमा *भुक्तानी भएको अघिल्लो आर्थिक बर्षको रु ३४ लाख ५६ हजार समेत पदिधकारी पारीश्रिमक रु ८० लाख ७८ हजार १७३ नियमित दिखएन । यस बर्ष पदाधिकारी सुविधामा भएका प्रमुख खर्चहरु निम्न छन :*	

सि.नं	सुविधाको विवरण	जम्मा
१.	**मासिक सुविधा**	**८०७८०००.००**
२.	सञ्चार सुविधा	५०५१३७.००
३.	पदाधिकारी ईन्धन	३८४८५०.००
४.	नगर सभा व्यवस्थापन	१८९३५०.००

४७.	**दोहोरो ईन्धनः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नितिगत मार्गदर्शन,२०७५ को वुदा नं. १३ मा सरकारी पदाधिकारीलाई मापदण्ड बमोजिम इन्धन तथा मर्मत सुविधा उपलब्ध गराउने उल्लेख छ । साथै अर्थमन्त्रालय कार्य सञ्चालन निर्देशिका २०७३ मा इन्धन तथा मर्मत सुविधाको मापदण्ड तोकिएको छ जस अनुसार माननिय मन्त्रीले मासिक २०७ लिटर, सचिव /विशिष्ट श्रेणीका पदाधिकारीले मासिक १०० लिटर , सहसचिवले ७० लिटर मात्र सुविधा पाउने व्यवस्था छ । अन्य कर्मचारीहरुलाई ईन्धन सुविधा दिने कानुनी आधार छैन । सुविधा पाउने तहका कर्मचारी पदाधिकारी वाहेक ३० जना कर्मचारी दरबन्दी भएकोमा एउटा सवारी पुलमा राखी मासिक १०० लिटर इन्धन उपयोग गर्न पाउने व्यवस्था छ । सो बमोजिम पदाधिकारी ईन्धनमा रु. ३८४८५०.०० खर्च लेखि सकेपछि नगरपालिकाले कार्यालय ईन्धनमा मासिक १०० लिटरको दरले बढीमा १२०० लिटरको प्रति लिटर औसत रु. १०८ ले हुने रु. १२९६००.०० मात्र खर्च गर्न पाउनेमा रु. रु.६००४५७.०० ईन्धन कार्यालय प्रयोजनमा खर्च लेखेकोले मापदण्ड बेगर बढी खर्च लेखेको रु. ४७०८५७.०० अनियमित देखियो । मापदण्ड स्विकृत गरेर मात्र ईन्धन खर्च लेख्नु पर्दछ ।	
	बिषयगत कार्यक्रमको लेखापरीक्षणणबाट देखिएका व्यहोरा	
	शिक्षा तर्फ	
४८.	**तलवी प्रतीवेदन** : विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तीका आ.व.२०७५।०७६ को कियाकलाप नं.१.३.३.१ वमोजिम शिक्षकहरुको तलवी प्रतिवेदन जिल्ला शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक कितावखानाबाट पारीत गराई प्राप्त तलवी प्रतीवेदनका आधारमा निकासा दिने व्यवस्था मिलाउने उल्लेख भएकोमा सो अनुसार तलवी प्रतीवेदन पारीत गराएको पाइएन । त्यस्तै गाउपालिकाको वार्षिक कार्यक्रम पुष्तिकामा गाउसभाबाट तलवी प्रतिवेदन पारीत गर्ने उल्लेख भएकोमा सो अनुसार पारीत गरेको पाईएन । तलवी प्रतिवेदन पारीत नगराई खर्च लेख्दा तलव र ग्रेड वापत बढी रकम भुक्तानी हुन सक्ने भएकोले समयमै तलवी प्रतिवेदन पारीत गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ ।	
४९.	**बाल विकास तर्फः** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तीका आ.व.२०७५।०७६ को कियाकलाप नं.२.१५.११.७६९ वमोजिम बाल शिक्षा कक्षा सञ्चालन भएका विद्यालयले वालशिक्षा सहजकर्ताको प्रमाणित हाजीरी प्रतिवेदन तथा बालशिक्षा कक्षा सम्वन्धमा विद्यालयले भरेको शैक्षिक तथ्यांक सम्वन्धित निकासा दिने कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ । यस गाउपालिकावाट २९ वटा वाल कक्षा सञ्चालनका लागि सहजकर्ताको पारीश्रमिक वापत रु.२२३८०००।००, खर्च लेखेकोमा सहजकर्ताले तलब बुझेको भर्पाई पेश भएको छैन त्यस्तै सहजकर्ताको प्रमाणित हाजिरी तथा शैक्षिक तथ्यांक पेश गरेको पाईएन । तसर्थ सहजकर्ताको प्रमाणित हाजिरी तथा शैक्षिक तथ्यांक पेश गर्नुपर्ने देखिएको रु....	२२३८०००.००
५०.	**प्रतिबेदनः** ८४।०७६।१।२९ ने.रा.मा.वि. सुगौलीलाई सामुदायक सिकाई केन्द्र सञ्चालन गर्न रु.८६२०००।०० र एस.एस.डि.पी. शोधभर्ना अनुदान रु.३३८०००।०० दिएकोमा सो कार्यको अनुगमन रिपोर्ट ,प्रगती प्रतिवेदन पेश नभएको रु.....	१२००००००.००
५१.	**बुक कर्नर व्यवस्थापन :** शिक्षातथा मानव स्रोत विकास केन्द्रबाट जारीगरीएको कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार शिक्षण सिकाइ तथा बुक कर्नरका लागि रकम निकासा गर्दा प्रत्येक सामुदायिक विद्यालयको विद्यार्थी संख्या एकिन गरी एकिन गरीएको प्रत्येक तहगत विद्यार्थी संख्याको आधारमा तोकिएको प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको रकम बराबर विद्यालयलाई एकमुष्ट अनुदान दिने उल्लेख छ ।गाऊपालिकाले विद्यालयहरुको विद्यार्थी संख्या एकिन नगरी विद्यालयहरुका लागि शिक्षण सामाग्री तथा बुक कर्नर रकम वापत रु.८४८९५०।०० खर्च लेखेको छ । गाऊपालिकाले विद्यालयका विद्यार्थीहरुको विवरण उपलव्ध नगराएका कारण कति रकम भुक्तानी हुनुपर्ने हो एकिन गर्न सकिएन ।त्यस्तै सो कार्यमा भएको कामको प्रगती प्रतिवेदन समेत पेश नभएकाले खर्चको विवरण तथा भएको कामको प्रगती प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु....	८४८९५०.००

५२.	**दिवा खाजा अनुदानः** १०६।०७६।०१।२७ शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी गरीएको कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार दिवा खाजा कार्यक्रम प्राप्त भएका स्थानिय तहले कार्यक्रम कार्यान्वयन गर्दा सामुदायक विद्यालयमा प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिका लागि खाजा उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा विद्यालय सञ्चालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ ।स्थानीय तहले दिवाखाजा उपलव्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुष्तिका (परीक्षामा सामेल भएको दिन समेतको प्रतिलिपी विद्यालयका प्राधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई स्थानियमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । तेस्रो चौमासिकमा निकासा गर्दा पहिलो र दोस्रो चौमासिकमा निकासा गरीएको रकमको सदुपयोग भएको सुनिश्चित गर्ने र दिवाखाजा प्राप्त गर्ने विद्यार्थीको संख्या,विद्यार्थीको हाजिरी ,प्रगती प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ ।गाऊपालिकाले पहिलो र दोस्रो चौमासिकमा खाजा वापत रकम उपलव्ध गराएको पाइएन ।तेस्रो चौमासिकमा विद्यार्थी संख्या एकिन नगरी दिवा खाजा वापत गो.भौ.नं.७८ मिति ०७६।०१।१३ बाट चैत्र र बैंशाखको खाजा वापत रु.२०१०७२०।०० ,गो.भौ.नं.९५ मिति ०७६।२।१९ बाट जेष्ठको खाजा वापत रु.१४८०४१०।०० र गो.भौ.नं. १३४ मिति ०७६।३।२० बाट अषाढको खाजा वापत रु.१२८४३००।०० समेत जम्मा रु.४७७५४३०।०० उपलव्ध गराएको छ ।अघिल्नो महिनाको विद्यार्थी संख्या एकिन नगरी पछिल्नो महिनाको रकम दिएको छ । तसर्थ दिवा खाजा प्राप्त गर्ने विद्यार्थी संख्या, विद्यार्थीको हाजिरी प्रमाणित गरी र सोको प्रगती प्रतिवेदन समेत पेश गर्नुपर्ने रु..... साथै मदर्सा हरमैन दारुल उलम,निचुटा ५ लाई तलव भत्ता लगायतका शिर्षकमा रकम नदिएको अवस्थामा खाजा खर्च वापत रकम दिएकोले दिनमिल्ने आधार सहित विद्यार्थी विवरण पेस गर्नु पर्दछ ।	४७७५४३०।००
५३.	**निःशुल्क पाठ्यपुस्तक अनुदान :** १०६।०७६।०१।२७, कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम स्थानीय तहले सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याँक संकलन गरी शिक्षा अधिकृतबाट प्रमाणित गरी यकिन संख्याको आधारमा विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तकको अनुदान विद्यार्थी संख्याको आधारमा ७५ प्रतिशतलाई मात्र दोस्रो चौमासिकमा निकासा दिने र बाँकी २५ प्रतिशत रकम नयाँ शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा गर्नुपर्ने उल्लेख छ । निर्देशिकामा विद्यार्थीले समयमै पुरा सेट नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलव्धताको सुनिश्चिता कायम गर्ने कार्य स्थानीय तहको हुने समेत व्यवस्था छ । पालिका अन्तर्गतका २१ विद्यालयका लागि तेस्रो चौमासिकमा रु.१८१७४५८।००उपलव्ध गराएकोमा पालिकाले विद्यार्थीले समयमै पाठ्यपुस्तक पाए नपाएको सुनिश्चितता गरेको अनुगमन प्रतिवेदन पेश नभएको र फोकल पर्सनले पाठ्यपुस्तक वितरणको लगत समेत राखेको देखिएन । पाठ्यपुस्तकको अनुदान निकासा गर्दा शैक्षिक समय तालिका मिलाई पाठ्यपुस्तक वितरण नहुँदा शैक्षिक स्तरमा ह्रास आउने देखिन्छ । अतः निशुल्क पाठ्यपुष्तक प्राप्तगर्ने विद्यार्थी संख्या र वितरण भर्पाइ तथा निकासा गरेको रकमको अनुगमन गरी सुनिश्चितता गरिनु पर्दछ । रु..... क)ने.रा.मा.वि.निचुटालाई पाठ्यपुष्तक वापत रु.३८२६६७।००गएकोमा रु.३७३३०१।०० को पाठ्यपुष्तक खरीद गरेको बिल पेश गरेको छ ।निकासा रकम भन्दा रु.९३६६।०० घटिको विल पेश गरेकोले उक्त रकम फिर्ता गर्नुपर्ने देखिन्छ । त्यस्तै वितरण भर्पाइ परीक्षण गर्दा किताव खरीद रकम भन्दा रु.१३८२९६।०० कमको वितरण भरपाई पेश भएको छ ।	१८१७४५८.००
५४.	**विद्यालय भौतिक पूर्वाधार :** कार्यक्रम कार्यान्वयन पुष्तिका अनुसार प्रत्यक स्थानिय तहले प्राप्त विद्यालय भौतिक कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निमार्ण कार्य राष्ट्रिय भवन संहिता,२०६० अनुसार गर्नु गराउनु पर्ने तथा निर्माण कार्यहरुको आफ्ना प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्ने उल्लेख छ ।त्यसरी गरेका कामको नापी किताव तथा कार्य	

सम्पन्न प्रतिवेदन तयारगरी पेश गर्नुपर्ने हुन्छ । पालिकाले निम्नानुसारका विद्यालयहरुमा भौतिक पूर्वाधार निर्माणका कार्यक्रमका लागि अनुदान दिएकोमा सोको नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छैन । तसर्थ अनुदान रकमको सुनिश्चितताको लागि ती कार्यक्रमको सुपरीवेक्षण गरी नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु..... ३११७७४२.००

क्रम संख्या	विद्यालयको नाम	**दुई कोठे भवन**	**शौचालय**	भुकम्पीय सुरक्षा	**कैफियत**
१	वनदेवि आधारभूत वि.,भतौडा	००।००	३९३०००।००	००.००	नापी किताव तथा कार्य सम्पन्न वाकि
२	ने.रा.मा..वि.,सुगौली	००.००	००।००	१५००००००.००	,, ,,
३	ने.रा.आ.वि.,पटेर्वा	१२२४७४२.००	००.००	००।००	फाउण्डेसनको काम मात्रसमाप्त भएकोमा कार्यसम्पन्न देखाएको
	जम्मा	१२२४७४२.००	३९३०००.००	१५००००००.००	

सामाजिक सुरक्षा कार्यक्रम

५५. **अभिलेख अद्यावधिक :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS system मा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाले सो बमोजिम अभिलेख अध्यावधिक गरेको छैन । अद्यावधिक अभिलेख बेगर गरीएको भुक्तानीले सहि र यथार्थ चित्रण गरेको छैन ।

५५.१. गाउँ कार्यपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु. २ करोड ८९ लाख १२ हजार ८०० नगदमा बुझाएको देखियो । नगद बितरणको लगभग ९५ प्रतिशत भन्दा बढी ल्याप्चे सहिछापको आधारमा भक्ता बितरण गरेको छ । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले व्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ ।

५५.२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता नपाउने व्यक्तिले भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भावना विद्यमान छ ।

५५.३. जेष्ठ नागरिक भत्ता तथा औषधि उपचार खर्च पाउनका लागि ७० बर्ष उमेर पुगेको हुनुपर्छ ।वि.सं.२००५ अषाढ सम्म जन्मेका नागरिक मात्र यस आ.व.को प्रथम चौमासिक भत्ता पाउन योग्य हुने हुदा जन्म मिति स्पष्ट उल्लेख हुनुपर्छ । वडा नं. १ को जेष्ठ नागरिक भत्ता वितरण विवरणमा साल महिना खुल्ने गरी जन्म मिति नराखि २००५ साल मात्र राखेकोले सम्वन्धितले भत्ता पाउने अथवा नपाउने एकिन गर्न सकिएन ।लेखापरीक्षणको क्रममा फोटो सहितको नामावली पेश नभएका कारण मुल लगत भिडान गर्न सकिएन । तसर्थ तपशिल वमोजिमका व्यक्तिहरुलाई भुक्तानी भएको भत्ता रकम एकिन गरी अशुल गर्नुपर्ने देखियो । रु.... **१९२०००.००**

सि.नं.	नाम	जन्म मिति	विवरण	भुक्तानी रकम
२	गंगीयाद देवि थरुनी	२००५ ,,	स्पष्ट मिति एकिन नभएको	४८०००.००
३	सीताराम दास	२००५ ,,	स्पष्ट मिति एकिन नभएको	४८०००.००
७	मन तुरनी देवि	२००५ ,,	स्पष्ट मिति एकिन नभएको	४८०००.००
८	शंकर महतो थारु	२००५ ,,	स्पष्ट मिति एकिन नभएको	४८०००.००
				१९२०००.००

				जम्मा			
५५.४.	**पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ को उपनियम ३ मा पेश्की लिएको प्रयोजन सकिएपछि तोकिएको म्याद भित्र नियमावली बमोजिमको कार्यविधि अपनाई एक्काइस दिन भित्र कार्यालयलाई फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था छ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । निम्नानुसार वडाहरुको सामाजिक सूरक्षा पेश्कि रु. ३९ लाख ८ हजार ६०० फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनु पर्दछ ।रु						३९०८६००.००

सि.नं	पेश्कि लिनेको नाम	पेश्कि रकम
१	वडा सचिव नारायण आचार्य	२२००००००.००
२	वडा सचिव देवि चरण न्यौपाने	१४९९२००.००
३	वडा सचिव उमेश प्रसाद रावत	२०९४००.००
	जम्मा	**३९०८६००.००**

५६.	**पेश्की अन्य कार्यक्रम:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ को उपनियम ३ मा पेश्की लिएको प्रयोजन सकिएपछि तोकिएको म्याद भित्र नियमावली बमोजिमको कार्यविधि अपनाई एक्काइस दिन भित्र कार्यालयलाई फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था छ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । कार्यपालिकाले उपलव्ध गराएको निम्नानुसारको पेश्कि फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनु पर्दछ । रु						१७९७९००.००

सि.नं	कार्यक्रम शिर्षक	पेश्कि लिनेको नाम	रकम
१	शिक्षा शसर्त	शा.अ. शम्भु प्रसाद साह	१०३०००.००
२	बहु क्षेत्रिय पोषण	शा.अ. शम्भु प्रसाद साह	१००००००.००
३	,, ,, ,,	ना.सु. राज कुमार महतो	११०३००.००
४	समानिकरण चालु	श्री रेयाज खान	२५००००.००
५	,, ,, ,,	श्री विजय गैरे	२००००००.००
६	,, ,, ,,	श्री विजय गैरे	२५००००.००
७	,, ,, ,,	श्री उमेश प्रसाद राउत	३००००००.००
८	,, ,, ,,	श्री उमेश प्रसाद राउत	९९६००.००
९	,, ,, ,,	श्री विपिन मुखिया	२००००००.००
१०	,, ,, ,,	श्री अब्बदुल कादिर अंसारी	१००००००.००
११	,, ,, ,,	श्री राजकिशोर गौरो	५००००.००
१२	,, ,, ,,	श्री विमला बर्तौला	३५०००.००
		जम्मा	**१७९७९००.००**

बित्तिय समानिकरण

५७.	**सूचना प्रकाशनको भुक्तानीमा छुट नलिएको**: सरकारी कार्यालयहरुको सुचना प्रकाशन गरे वापत गोरखापत्रले लाग्ने रकमको २५ प्रतिशत र अन्य राष्ट्रियस्तरका पत्रपत्रिकाले १५ प्रतिशत छुट दिने व्यवस्था रहेकोमा निम्न भौ.नं. र मिति बाट सुचना प्रकाशन वापत भुक्तानी गर्दा नियमानुसार पाउने छुट लिएको पाईएन । नियमानुसार पाउने छुट लिन नगरपालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।						

भौ.नं. मिति	भुक्तानी पार्टी	मु.अ.कर वाहेक भुक्तानी रकम	पाउने छुट रकम
३।०७५।६।१७	प्रतिक प्रकाशन समुह,पर्सा	४१०००।००	६१५०.००
४७।०७५।७।१४	,, ,, ,, ,,	४००००।००	६०००.००
६९।०७५।८।९	,, ,, ,, ,,	५९०००।००	८८५०.००
८७।०७५।८।१७	विकिलिक्स मिडिया भिजन प्रा.लि.,पर्सा	१०६४००।००	१५९६०.००
११८।०७५।९।२४	फ्यूचरहव मिडिया प्रा.लि.,अनामनगर	६३०००।००	९४५०.००

१४२।०७५।१०।४	कलियुग सन्देश,पर्सा	७००००।००	१०५००.००	
२८५।०७५।१२।४	भोजपुरी टाईम्स,पर्सा	९५०००।००	१४२५०.००	
	जम्मा	**४७४४००।००**	**७११६०.००**	

५८. **अवलोकन भ्रमण:** नगरपालिकाले अवलोकन भ्रमणमा निम्नानुसार रु.६ लाख खर्च गरेको छ । अवलोकन भ्रमणबाट नगरपालिकाको सेवा प्रवाहमा भएको सुधार देखिने नतिजा सूचकहरु लेखापरीक्षणमा पेश भएन । तसर्थ यस किसिमको अनुत्पादक खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

भौ.नं., मिति	भ्रमणको बिषय	भ्रमण स्थान	खर्च रकम
५८६-२०७६/३/३१	जनप्रतिनिधी र कर्मचारी अवलोकन भ्रमण	मुक्तीनाथ मन्दिर, मुस्ताङ	३००००.००
४७१-२०७६/३/१५	जनप्रतिनिधी र कर्मचारी अवलोकन भ्रमण	पाथिभरा मन्दिर ताप्लेजुङ्ग, जानकी मन्दिर धनुषा	३००००.००
		जम्मा	**६००००.००**

निर्वाचन क्षेत्र विकास कार्यक्रम तर्फ :

५९. भौचर नम्बर ४।२०७६।३।२५, अधुरो सामुदायिक भवन सुधार तथा पोखरीको स्तरोन्नती तथा संरक्षण कार्यको लागि गुदरवावा उपभोक्ता समितिसंग रु. ५३९०२१६.०० मा सम्झौता भएको देखियो । तर समितिसंग उक्त कार्य सम्पन्न गर्ने प्राविधिक क्षमता नभएको कारण पोखरी संरक्षण कार्यमा पिलर सम्म खडा गरी निर्माण कार्य अधुरो राखेको देखियो । कार्यपालिकाले समितिलाई अधुरै अवस्थामा कार्यसम्पन्न प्रतिवेदन तयार गरी रु. १९३२७८१.०० भुक्तानी गरेको छ । आर्थिक बर्षको अन्त्य सम्म काम पुरा हुन नसके पछि विनियोजित बजेट फ्रिज भएको र चालु बर्षमा योजनाको निरन्तरताको लागि बजेट बिनियोजन नभएको अवस्था छ । तसर्थ खर्च भएको रु. १९३२७८१.०० अनुत्पादक रुपमा खेर गएको देखियो । यसरी निर्माण सम्पन्न नभई विचमै काम छोड्नु सम्झौता विपरित भएको र नतिजामूलन कार्य समेत नभएको तथा यस बाट समूदायको उदेश्य समेत पुरा नभएको स्थिति छ । तसर्थ यस्तो कार्य गर्ने उपभोक्ता समितिलाई जिम्मेवार बनाई कालोसूचीमा राखी कारवाही गर्नुपर्दछ ।साथै सम्झौता बमोजिम कार्य सम्पन्न नभएको स्थानमा आंशिक कामलाई आधार मानी कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गर्न मिल्ने कानुनी आधार पेश गर्नु पर्दछ ।
कार्यपालिकाबाट सञ्चालित अन्य योजनाहरुको समेत सम्झौता बमोजिम कार्य सम्पन्न नभई आंशिक कार्यको आधारमा कार्य सम्पन्न गरेको देखाई भुक्तानी दिएकोले यस किसिमको भुक्तानीको सम्बन्धमा छानविन गरी नियन्त्रण गर्नु पर्दछ ।

निर्माण अधुरो रहेको पोखरी संरक्षण तथा सूधार कार्य

६०. **बर्थिङ सेन्टर निर्माण :** भौ.नं. ५ मिति २०७६।३।३० बाट वडा नम्बर १ मा वर्थिङ सेन्टर निर्माण कार्यको लागि उपभोक्ता समितिसंग रु. ३२३३७८६.०० मा सम्झौता भएको देखियो । तर समितिसंग उक्त कार्य सम्पन्न गर्ने प्राविधिक क्षमता नभएको कारण बर्थिङ सेन्टर निर्माण कार्य अधुरो राखेको देखियो । कार्यपालिकाले समितिलाई अधुरै अवस्थामा कार्यसम्पन्न प्रतिवेदन तयार गरी रु. १२८२१८२.०० भुक्तानी गरेको छ । यसरी निर्माण सम्पन्न नभई विचमै काम छोड्नु सम्झौता

विपरित भएको र नतिजामूलन कार्य समेत नभएको तथा यस बाट स्वास्थय सेवा प्रवाहमा समेत नकरात्मक प्रभाव परेको स्थिति छ । तसर्थ यस्तो कार्य गर्ने उपभोक्ता समितिलाई जिम्मेवार बनाई कालोसूचीमा राखी कारवाही गर्नुपर्दछ ।साथै सम्झौता बमोजिम कार्य सम्पन्न नभएको स्थानमा आंशिक कामलाई आधार मानी कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गर्न मिल्ने कानुनी आधार पेश गर्नु पर्दछ ।

प्रदेश सरकार शर्सत अनुदान तर्फ :

६१. **काब्रिस्थान निर्माण:** मुसलमान समुदायको काब्रिस्थानमा कम्पाउण्ड वाल निर्माण गर्न प्रदेश शर्शत अनुदानबाट रु. २६०३९८०.०० तथा गाउपालिकाको योजनाबाट रु. ७६२६७९.०० खर्च गरेको छ । एउटै योजनमा दुई तहका सरकारबाट बजेट बिनियोजन गर्दा कार्यमा दोहोरोपना हुने देखियो । कार्यपालिकाले दूई सरकारबाट भएको खर्चको नापी किताब समेत अलग अलग राखेकोले योजनाको कामको परीमाण र कुल खर्च एकै स्थानबाट देखिने अवस्था छैन । यसले समेत काममा दोहोरोपना हुने संभावना बढाएको छ । उक्त काब्रिस्थानको कम्पाउण्ड तथा गेट निर्माण कार्य अधुरोनै रहेकोले आगामि बर्षमा समेत कार्यक्रमले निरन्तरता पाउने तर त्यस्को पुन: अर्को नापी किताब तयार गर्ने हुदाँ योजनको कुल काम र परीमाण यकिन गर्न नसकिने अवस्था छ । तसर्थ एउटै योजनाको कुल परीमाण र लागत खुल्ने गरी एकिकृत एम.बि. तयार गर्नु पर्दछ । साथै उपभोक्ता समितिले स्पेसिफिकेसन र शर्त बमोजिमकाम नगरी कमसल रंग लगाएको दखिएकोले समितिको लागतमा गुणस्तरीय रंग लगाउनु पर्दछ ।

सि.नं.	बजेट खर्च गर्ने निकाय	खर्च रकम	निर्माण व्यवसायी
१	प्रदेश सरकार	२६०३९८०.००	उपभोक्ता समिति
२	गाउपालिका	७६२६७९.००	ओमसाई निर्माण सेवा
	जम्मा	**३३६६६५९.००**	

रङ लगाएको वाल प्रदेश शशर्त अनुदान र रङ नलगाएको वाल गाउपालिकाको योजना तथा बजेट

६२. **उपकरण भाडा :** गाउँ कार्यपालिकाको २०७६।१।२५ को निर्णयानुसार वडा नम्बर २ का वडा अध्यक्ष श्री विजय गैरे लाई व्याकलोडर जे.सि.बि. सञ्चालक समितिको संयोजक तोकेको र प्रति घण्टा रु. १७००.०० को दरले भाडा असूल गर्नु पर्ने निर्णय गरेको छ । पेश भएको व्याकलोडर सञ्चालनको लगसिट बमोजिम ६१८ घण्टा सञ्चालन भएको देखियो । सञ्चालन अवधिको हिसाबले रु. १०५०६००.०० भाडा वापत रकम प्राप्त हुनु पर्ने देखियो । तर आर्थिक वर्ष २०७५।७६ मा व्याकलोडर भाडा वापतको आम्दानी रु. ८५ हजार मात्र देखाएको छ । व्याकलोडर भाडा वापतको आम्दानी गर्दा कार्यपालिकाबाट प्रमाणित नगदी रसिद प्रयोग नगरेको र संयोजक विजय गैरेले भरपाई गरी नगद बुझ्ने गरेको देखियो ।

तसर्थ व्याकलोडर संचालन भएको अवधीको प्राविधिक रुपमा छानबिन गरी भाडा रकम असूल गर्नु पर्दछ । साथै पेश भएको आंशिक लगसिट बमोजम पनि घटी असूल भएको देखिएको रु. ९६५६००.००

	९६५६००.०० संञ्चालक समितिका संयोजकबाट असूल गर्नु पर्दछ । रु....	
	 भर्पाई पाई पर्टेवा सुगौली गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकलोडर JCB संचालक समितिका संयोजक श्री विजय गैरेले सार्वजनिक सडक निर्माणमा प्रयोग भए बापत प्रतिघण्टा रु १७०० का दरले ५० घण्टाको हुन आउने रकम रु ८५,०००। पचासी हजार रुपैया मात्र सडक निर्माण उपभोक्ता समिति रामभीरी भाथा १ पर्टेवा सुगौलीका अध्यक्ष श्री गौसुल आजम अंसारीबाट आजैको मितिमा बुझिलिई यो भर्पाइ गरिदिए । इति सम्वत २०७६ साल आषाढ १३ गते रोज ६ मा बुझिलिनेको नाम : विजय गैरे अध्यक्ष ब्याकलोडर संचालक समिति	
६३.	**बिद्युत संरचना:** भौ.नं. २२० र १७७ बाट नेपाल विद्युत प्राधिकरण पोखरीया वितरण केन्द्रलाई वडा नम्बर ४ र ५ को लागि पोल र तार खरीद गर्न रु. १८८३९९८.०० उपलव्ध गराएकोमा सार्वजनिक खरीद ऐन , नियम बमोजिम पोल र तार खरीद गरी बिद्युत संरचना निर्माण गरेको अभिलेख तथा प्रमाण पेश भएन । रु.....	**१८८३९९८.००**
६४.	**सिप विकास तालिम:** कार्यपालिकाले बेमौसमि तरकारीखेती, मानब अधिकार, सामाजिक सचेतना, व्यूटिसियन आदि जनचेतना तथा सिप विकास तालिममा रु. १ करोड २३ लाख ४० हजार खर्च गरेको छ । यसरी तालिम सञ्चालन गर्दा सम्बन्धित बिषयको बिज्ञहरु समावेश गरी रोष्टर खडा गरेको छैन । जुन सुकै बिषयको तालिममा पनि प्रमुख प्रशासकिय अधिकृत लगायत गाउँपालिकाका अधिकांस कर्मचारीले बिज्ञ, सहजकर्ता आदिको रुपमा भत्ता बुझेको देखिन्छ । बिषय बिज्ञको रोष्टर बेगर पदेन कर्मचारीहरुबाट प्रदान गरीएको तालिमको प्रभाव कारीता सम्बन्धमा गाउँपालिकाले अभिलेख राखेको छैन ।	
६५.	**ब.उ.शि.नं.३६५८०९४ (झोलुङ्गेपुल)** गाउपालिका अन्तर्गत आ.व.०७४।०७५ मा जिल्ला प्राविधिक कार्यालयबाट हस्तान्तरण भै आएका दुईवटा झोलुङ्गेपुल निर्माणाधिन रहेको देखिन्छ ।जसको लागत अनुमान रु.६३१४०८७।२४ रहेकोमा प्राविधिक कार्यालयबाट गतवर्ष रु.१३११४५६।०० भुक्तानी भएको विवरण प्राप्त भएको छ ।उक्त कार्यको उपभोक्ता समिति,गाउपालिका र प्राविधिक कार्यालयबाट रकम व्यहोर्ने गरी लागत सहभागिता कायम भएकोमा यस आ.व.मा रु.८०लाख बजेट निकासा भएको मध्ये रु.९३१५४९।०० खर्च भै वाकि रकम फिर्ता पठाएको छ ।हाल उपभोक्ता समिति बाट भै रहेको उक्त कार्यको फाउण्डेशनको काम मात्र सम्पन्न भएको जानकारी प्राप्त भएकोछ ।उपभोक्ताको रनिङ्गविलको आधारमा भुक्तानी गर्दा संझौता वमोजिमको लागत सहभागिता रकम खुलाएको पाईएन । झोलुङ्गेपुल पुल निर्माण जस्तो प्राविधिक तथा जटील कार्य उपभोक्ता समितिबाट गराउदा समयमा काम सम्पन्न नहुने र गुणस्तरीय नहुने देखिन्छ । केन्द्रबाट गाउपालिकाको माग तथा आवश्यकता वमोजिम बजेट विनियोजन गर्नुपर्नेमा आवश्यकता भन्दा बढी बजेट विनियोजन गरेको पाइएकोले यस्तो कार्यमा ध्यान पुर्याउनु पर्ने देखिन्छ ।	
६६.	**बेरुजू** : पर्टेवा सुगौली गाउँपालिकाको प्रारम्भिक प्रतिबेदन अनुसार यो बर्ष असूल गर्नु पर्ने बेरुजू रु १५ लाख ४ हजार, अनियमित भएको रु २ करोड ७८ लाख ६३ हजार , प्रमाण पेश नभएको रु.४ करोड ७९ लाख ७६ हजार र पेश्की बाँकी रु ५७ लाख ६ हजार समेत रु. ८ करोड ३० लाख ५२ हजार बेरुजु कायम भएकोमा प्रतिकृयाबाट रु ३४ हजार असूली समेत रु.५ करोड ७६ लाख ५४ हजार फछ्र्यौट भई असुल गर्नुपर्ने रु.१३ लाख २५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ७० लाख ६९ हजार, नियमित गर्नुपर्नै रु. १२ लाख ९६ हजार, पेश्की बाँकी ५७ लाख ७ हजार बेरुजु कायम भएको छ ।	
६७.	**अनुगमन तथा मुल्यांकन:** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२)घ ले बेरुजु फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने व्यवस्था छ । सो बमोजिम गाउँपालिकाको गत बर्षको बेरुजु रु.३ करोड ३ लाख ३१ हजार फछ्र्यौट गरेको देखिएन । बेरुजुको	

स्थिति निम्नानुसार देखिएको छ ।

गत वर्ष सम्मको फछ्र्यौट गर्न बाँकी (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी बेरुजु (C=A-B)
३०३३११७४.००	०	३०३३११७४.००

६८. **अधावधिक बेरुजु स्थिति:**गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहायअनुसार रहेको छ :

गतवर्ष सम्मको फछ्र्यौट गर्न बाँकी रु. (C)	यो वर्षको सं.प.बाट कायम बेरुजु रु (D)	यो वर्षमा कायम बेरुजु रु. (E)	बाँकी बेरुजु (F=C+D+E)
३०३३११७४.००	०.००	२५३९७०४८.७५	५५७२८२२२.७५

पटेर्वा सुगौली गाउँपालिका, पर्सा
अनुसूची १
२०७५।७६
वेरुजू वर्गिकरण

(रु. हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	अशुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोध भर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	पर्सा	पर्टेवा सुगौली गाउँपालिका	४५	३०	८३०५२	०	१०	५७६५५	५०	१५	२५३९७	१३२५	१२९६	१७०६९	०	०	१८३६५	३९०९	१७९८	५७०७

अनुसूची २
२०७५।७६
संचित कोष विवरण

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५–९)
१	पर्टेवा सुगौली गाउँपालिका	पर्सा	६७५२६	९१८४८	१७२०२०	६५५७४	३२९४४२	६३४८७	१०३३६०	१७२०००	३३८८४७	५८१२१

अनुसूची ३
२०७५।७६

अध्यावधिक वेरुजू स्थिति

क्र. सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बांकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बांकी वेरुजू
१	पर्टेवा सुगौली	पर्सा	३०३३११७४	०	३०३३११७४	०	२५३९७०४८।७५	५५७२८२२२।७५